लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा, रूपन्देही

सम्पर्कः ०७१-५९०१३०, ५९०१३१

पत्र संख्याः २०८०/०८१
च. नं.:

लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र रूपन्देही

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१३**

कृषि ज्ञान केन्द्र, रुपन्देहीको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीज बृद्धि कार्यक्रम, हिउँदे/वर्षे फलफूल विरुवा वितरण र मागमा आधारित कृषि यन्त्र उपकरण वितरण कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १० (दश) दिन (मिति २०८०/१२/२२ गते) भित्र यस कार्यालयमा उल्लिखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यबसायिक योजना, संलग्न गर्नुपर्ने कागजात तथा कृषि बिकास कार्यक्रम संचालन कार्यविधि,२०८० यस कार्यालयको सूचनापाटी वा वेवसाईट rupandehi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७१-५९०१३० मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र. स. | कार्यक्रमहरूको नाम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | बीज बृद्धि कार्यक्रम | • उत्पादन सामाग्री : स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल बिषादी, शूक्ष्मतत्व खरिद,<br>• प्याकेजिङ्ग सामाग्री , बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद । | बीज बृद्धि कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा संचालन गर्नुपर्ने :<br>बीज बृद्धि — तराई (कट्ठा)<br>खाद्यान्न बाली बीउ (धान वाली) — १५०<br>• एकल वा सामुहमा बीउ उत्पादन गर्न सकिने ।<br>• सामुहिक बिउ उत्पादन क्लष्टरमा गर्नुपर्ने ।<br>• बीउ बिजन कारोबार गर्ने अनुमति पत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासंग समन्वय गरेको हुनूपर्ने ।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने । | रुपन्देही जिल्लाभरी | कृषक/फर्म/कम्पनी /कृषक समुह/सहकारी संस्था/ उपभोक्ता समिति/संघ संस्थाहरुले<br>बीउ बिजन कारोबार गर्ने अनुमति पत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासंग समन्वय गरेको हुनूपर्ने । | बीज बृद्धि कार्यक्रमको हकमा प्रोत्साहान स्वरुप देहाय बमोजिम रकम उपलब्ध गराइनेछ ।<br>• खाद्यान्न वाली (धान) बीउ उत्पादनमा प्रति रोपनी रु.१५००/- वा कट्ठा रु. १०००/- अनुदान दिइने । |
| २ | हिउँदे/वर्षे फलफूल विरुवा वितरण | • कार्यालयबाट विभिन्न जातका उन्नत/ वर्णशङ्कर फलफूल विरुवा खरिद, ढुवानी र वितरण,<br>• रेखाङ्कनमा सहयोग,<br>• बगैंचा व्यवस्थापनका लागि कार्यालयबाट | • उन्नत/वर्णशङ्कर जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गर्न ईच्छुक कृषक/कृषक समूह /सहकारी/उद्यमी हुनुपर्ने,<br>• सामूहिक वा एकल रूपमा एउटै चक्लामा बगैंचा स्थापना गर्नुपर्ने,<br>एक चक्लामा कम्तीमा ५ कठ्ठा लगाउनु पर्ने। | रुपन्देही जिल्लाभरी | कृषक/कृषक समूह /सहकारी/उद्यमी | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>विनियोजित वजेटको परिधिमा रहि शतप्रतिशत अनुदानमा विरुवा उपलब्ध गराउने। |

शिव प्रसाद अर्याल
प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा, रूपन्देही

सम्पर्कः ०७१-५९०१३०, ५९०१३१

पत्र संख्याः २०८०/०८१
च. नं.:

| क्र. स. | कार्यक्रमहरूको नाम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| | | प्राविधिक सेवा सहयोग। | | | | |
| ३ | मागमा आधारित कृषि यन्त्र उपकरण वितरण | साना कृषि मेसिनरी औजार उपकरणहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• साना कृषि मेसिनरी औजारहरू खरिद गर्नुपर्ने।<br>• हालसम्म अनुदान नपाएकालाई प्राथमिकता दिईनेछ । | सिद्धार्थनगर न.पा.-०४, रुपन्देही | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति अनुदानग्राही अधिकतम रु. ५० हजार अनुदान। |

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन । (अनुसूची ३५ बमोजिम)
२. दर्ता /नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्वर, प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रम प्रकृति अनुसार)(अनुसूची ३७ बमोजीम) र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान ।
१०. पुर्वाधारको निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार प्र
११. अनुसूची ४२ अनुसार दोहोरो अनुदान नलिएको स्व:घोषणा ।

पुनश्च : थप जानकारीको लागि सूचना अधिकारीको मो. नं.९८५७०५२९२९ वा कार्यालय प्रमुखको सम्पर्क नं. ९८५७०५२९२८ मा गर्न सकिने छ ।

शिव प्रसाद अर्याल
प्रमुख